वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ८** **संख्या : १** **मिति: २०८२/०३/१२**

## भाग : २

# वीरेन्द्रनगर नगरपालिकाको नागरिक संलग्नता नीति, २०८२

### १. परिचय

संविधानले प्रत्याभूत गरेको संघीय संरचना अनुसार स्थानीय तहलाई विकास र सेवा प्रवाहमा नागरिकको प्रत्यक्ष संलग्नतामा आधारित भएर काम गर्न प्रोत्साहन गरिएको छ। स्थानीय सरकार सन्चालन ऐन, २०७४ सहित अन्य ऐनहरू (जस्तै सूचनाको हक सम्बन्धी ऐन, सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन) अनुसार नागरिक सहभागीता, समावेशिता र सुशासन सुनिश्चित गर्ने लक्ष्य राखिएको छ। यसै सन्दर्भमा, वीरेन्द्रनगर नगरपालिकाले आफ्नो नीति निर्माण, योजना छनौट, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा नागरिकको प्रभावकारी संलग्नता सुनिश्चित गर्न नागरिक संलग्नता नीति तयार गरेको हो।

### २. संक्षिप्त नाम र प्रारम्भ

यो नीतिको नाम "वीरेन्द्रनगर नगरपालिकाको नागरिक संलग्नता नीति, २०८२" रहेको छ। यो नीति स्थानीय राजपत्रमा सूचना प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

### ३. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमाः

क) "कार्यपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ।

ख) "नगर सभा" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगर सभालाई सम्झनुपर्दछ।

ग) "नगर प्रमुख" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ।

घ) "नगर उपप्रमुख" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्दछ।

ङ) "नागरिक" भन्नाले यस नगरपालिकामा बसोबास गर्ने सम्पूर्ण बासिन्दाहरुलाई सम्झनुपर्दछ।

च) "नीति" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नागरिक संलग्नता नीति, २०८२ लाई सम्झनुपर्दछ।

छ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्दछ।

ज) "बिषयगत समिति" भन्नाले वीरेन्द्रनगर नगरपालिकामा क्षेत्रगत रुपमा गठन भएका विषयगत समितिलाई सम्झनुपर्दछ।

झ) "टोल विकास समिति" भन्नाले वीरेन्द्रनगर नगरपालिकाका सवै वडाहरुमा आम नागरिकहरुको सहभागितामा टोल विकासका लागि गठन भएका समितिलाई सम्झनुपर्दछ।

## ४. पृष्ठभूमि

नेपालको संविधान २०७२ को प्रस्तावनामा उल्लेख गरिए अनुसार सार्वभौमसत्ता सम्पन्न नेपाली जनता, जनताको सार्वभौम अधिकार, स्वायत्तता, आर्थिक समानता, सम्बृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त र सुशासन स्थापित गर्ने परिकल्पना गरिएको छ। त्यसैगरी नागरिकहरु सुसूचित हुन पाउने अधिकारका लागि नेपालको संविधान २०७२, सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली २०६५, सुशासन (ब्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली २०६५, स्थानीय सरकार संचालन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ लागू गरिएको छ।

साथै सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४, सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली २०६४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि ऐन, २०७४ लगायतले पनि योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिताको क्षेत्र सुनिश्चित गरेको छ। नागरिकले योजना तथा बजेट निर्माण प्रक्रियामा सक्रिय र अर्थपूर्ण सहभागिता जनाउन पाउने अधिकार छ। यसले सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी, जवाफदेही र लाभदायी बनाउँछ। स्थानीय जनसहभागिता विकास गर्ने नीति र अन्तराष्ट्रिय मानवअधिकार सन्धिहरूले राज्यलाई विशेष गरी महिला, बालबालिका, अल्पसंख्यक, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण गर्ने दायित्व दिएको छ। वित्तीय नीति



निर्माणमा नागरिक, संस्था र सरकारी पक्षबीच संवाद, साझेदारी र सशक्तीकरण नै नागरिक सहभागिता हो। प्रमुख क्षेत्रहरूमा बजेट प्रक्रिया, नीति निर्माण, सेवा वितरण र सार्वजनिक लगानी परियोजनाहरू समावेश छन्। यसले सरकार र नागरिकबीच विश्वासको वातावरण सिर्जना गरी विकास तथा सेवा प्रवाहमा नागरिकको अपनत्व बढाउँछ।

यस नीतिले नगरपालिकाले आफ्ना नागरिक विशेषगरी महिला, बालबालिका, अल्पसंख्यक तथा सिमान्तकृत समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरुको सहभागिता र अधिकारको सम्मान, संरक्षण एवं परिपूर्ति गर्न प्रोत्साहित गरेको छ। वित्तीय नीति निर्माण र कार्यान्वयनमा नागरिक, नागरिक संस्था, सामुदायिक समूह, व्यावसायिक संगठन, प्राज्ञिक संस्था र अन्य गैर सरकारी पक्ष र सरकारका विचमा हुने सूचना प्रवाह, परामर्श, संलग्नता, साझेदारी, खबरदारी र सशक्तीकरण नै नागरिक सहभागिता हो। यसमा एकाध पटक गरिने नागरिक परामर्शदेखि निरन्तर हुने संस्थागत सम्बन्ध समेत समेटिन्छन्।

नागरिक सहभागिताका प्रमुख क्षेत्रहरु यस प्रकार छन् :

(क) बजेट तर्जुमा, अनुमोदन, कार्यान्वयन र सामाजिक लेखा परीक्षण जस्ता समग्र वार्षिक योजना तथा बजेट चक्र,

(ख) वित्तीय योजना तथा नीति निर्माण र परिमार्जन,

(ग) वस्तु तथा सेवा उत्पादन र वितरण प्रक्रिया,

(घ) सार्वजनिक लगानीका परियोजना प्रस्ताव तयारी, मूल्याङ्कन र कार्यान्वयन।

## ५. वर्तमान अवस्था

वीरेन्द्रनगर नगरपालिकाले योजना तथा बजेट प्रक्रियामा नागरिक संलग्नतालाई सुदृढ बनाउन विभिन्न पहलहरू गरिरहेको छ। नगरपालिकाले टोलस्तरबाट योजना माग गर्ने र प्राथमिकता निर्धारण गर्ने प्रक्रियालाई सक्रिय रूपमा सञ्चालन गर्दै आएको छ। यस अन्तर्गत टोलका नागरिकलाई छलफलमा सहभागी गराएर योजना छनोट गरी वडामा प्रस्तुत गरिन्छ र वडाबाट प्राथमिकता दिइएको योजना पालिकामा ल्याइन्छ। समावेशी सहभागिता सुनिश्चित गर्न महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, राजनीतिक दलका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई समेत योजना प्रक्रिया र छलफलमा जोडिएको छ। आर्थिक स्रोत सीमित भएका कारण सबै योजनालाई कार्यान्वयन गर्न नसकिने अवस्था हुँदा नागरिकको सहभागिता र प्राथमिकताको विशेष महत्व रहन्छ। उपभोक्ता समितिहरू गठन गरी योजनाको अनुगमन, मूल्याङ्कन र पारदर्शितामा जोड दिइएको छ, जसले कार्यान्वयनको गुणस्तर र जवाफदेहितामा सुधार ल्याउने काम गरिरहेको छ। नगरपालिकाले सूचना प्रवाहका लागि डिजिटल माध्यम र सामाजिक सञ्जालको प्रयोग गरेर योजनाबारे नागरिकलाई जानकारी गराउने कार्यलाई प्रवर्द्धन गरेको छ भने उपप्रमुखले समुदायमा पुगेर नागरिक सन्तुष्टिको

अनुगमन गर्ने अभ्यास पनि गरिरहेका छन्। साथै, नागरिक बजेट तयार गर्ने योजना यस नीतिमा समावेश गर्ने तयारी भइरहेको छ जसले पारदर्शिता र सहभागितामा थप बल पुग्ने अपेक्षा गरिएको छ। यो सबै कार्यहरू नगरपालिकाको आधिकारिक वेबसाइटमा समेत नियमित रूपमा अपडेट गरिँदै आएका छन् जसले नागरिकलाई योजना र बजेट प्रक्रियाको बारेमा सजिलै जानकारी पाउन सहयोग पुऱ्याउँ छ। यसरी वीरेन्द्रनगर नगरपालिकाले नागरिक संलग्नताको महत्वलाई स्वीकार्दै यसको अभ्यासलाई संस्थागत गर्दै अगाडि बढिरहेको छ।

वीरेन्द्रनगर नगरपालिकाले बजेट तर्जुमा गर्दा सात चरणको बजेट तर्जुमा अभ्यास गर्ने गरेको छ। योजना तर्जुमाका सात चरण मध्ये बस्ती र टोल स्तरबाट आयोजना वा कार्यक्रम छनोट गर्ने सम्वन्धमा टोल स्तरीय भेला वा गोष्ठी गर्ने गरिएको छ तर बजेट तर्जुमाका बाँकी चरणमा नागरिकले आफ्नो आवाज राख्ने अवसरलाई फराकिलो पार्न आवश्यक रहेको छ।

बजेटको सीमा निर्धारण गर्दा क्षेत्रगत र उपक्षेत्रगत सीमा निर्धारणको अभ्यास भइरहे तापनि प्रभावकारी बनाउन जरुरी रहेको छ। बार्षिक रुपमा कार्यपालिकाले स्वीकृत गर्ने बजेटको मार्गदर्शन सम्वन्धमा अभिमुखीकरण वा नागरिक सुनुवाईको अभ्यासलाई थप प्रभावकारी बनाउन जरुरी रहेको छ। त्यसैगरी मध्यकालीन खर्च संरचनाको अभ्यास सिमित भएको तथा आवधिक प्रतिवेदनहरु समयवद्ध प्रकाशनको अभ्यास नहुँदा बजेट कार्यान्वयनको अबस्था बारे नागरिक सुसूचित हुन पाएका छैनन्।

बजेट प्रक्रियामा संलग्न हुने राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र कार्यक्रम तथा बजेट तर्जुमा समितिले जिम्मेवारी निर्वाह गर्ने क्रममा नागरिक सहभागिताका पक्षलाई पर्याप्त अबसर दिन जरुरी छ। आगामी आर्थिक बर्षका बजेटका सिद्धान्त, प्राथमिकता र नीति तथा कार्यक्रममाथि नागरिक स्तरमा छलफल हुने अवसरमा बढावा दिनु पर्छ। स्रोत अनुमान तथा राजस्व सम्वन्धी छलफलमा स्वतन्त्र नागरिक वा सो क्षेत्रको विज्ञको सहभागितालाई प्रभावकारी बनाउन जरुरी छ।

नगरपालिकाको बजेट वक्तव्य तथा अनुसूची सहितको पुस्तिका सार्वजनिक गर्ने गरिएको भएतापनि वडागत रुपमा छुट्टयाइएका योजनाको पुस्तिका आम नागरिकसम्म नपुग्दा बजेट कार्यान्वयको प्रक्रियामा नागरिक सहभागिताको अवसर सीमित भएको छ। स्थानीय उपभोक्ता समिति र टोल विकास संस्थाले नागरिक सहभागिताको अवसर सृजना गरेपनि समावेशी र प्रतिनिधिमुलक सहभागितालाई अझै बढाउन आवश्यक छ।

निर्माण व्यवसायी छनोट EGP मार्फत गर्ने गरिएको छ भने निर्माण कार्यको गुणस्तरीयता मूल्यांकनको क्रममा जनसहभागिता बढाउन जरुरी छ। बजेट कार्यान्वयनको अवधिमा प्रकाशन गरिनुपर्ने आवधिक प्रतिवेदनहरु सार्वजनिक गर्ने र सामाजिक जवाफदेहिताका अभ्यासलाई दिगो र संस्थागत गर्नुपर्ने छ। पालिका र वडा स्तरवाट हुने अनुगमनमा



नागरिकको अर्थपूर्ण संहभागिता गराउने तथा अनुगमन प्रतिवेदनहरु सार्वजनिक गर्ने अभ्यासको बढावा दिन पर्नेछ।

स्थानीय लेखा समितिले महालेखा परीक्षकको प्रतिवेदन अध्ययन गर्ने र त्यसमा नागरिक संवाद गर्ने अभ्यासको थालनी गर्नुपर्ने छ। विद्युतीय सुशासन प्रर्वद्धनका लागि उपयुक्त विधि, प्रविधि अवलम्बन गर्नुमा कर्णाली प्रदेश अन्तर्गतका स्थानीय सरकारहरु अग्रसर देखिन्छन्। उदाहरणका लागि सरकारी तथ्याङ्क, दस्तावेज तथा सूचनाहरुको विद्युतीयकरण र स्व-प्रकाशनको अभ्यास रहेका छन्। वीरेन्द्रनगर नगरपालिकाले पनि नागरिकका लागि तथ्याङ्क, दस्तावेज तथा सूचनाहरु विद्युतीयकरण र स्व–प्रकाशन गर्ने गरेको भएतापनि आम नागरिकलाई यस विषयमा सुसूचित गर्न जरुरी छ।

आयोजना छनौटमा नागरिक सहभागिता सुनिश्चित गर्ने, क्षतिपूर्ति सहितको नागरिक वडापत्र राख्ने, सुशासन समितिको गठन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण, गुनासो व्यवस्थापन, सूचनादाता संरक्षण र विद्युतीय सुशासनको प्रावधानले नागरिक सहभागिताको प्रशस्त आधार तयार गरेको छ। यद्यपि योजना र बजेट निर्माणका चरणहरुमा नागरिक सहभागिता सुधार गर्ने प्रशस्त ठाउँ र अवसर छ। यसका लागि पनि यो नीति समय सापेक्षित छ।

## ६. समस्या, चुनौती र अवसर

लोकतान्त्रिक शासन प्रणालीमा नागरिकहरू सार्वभौम र सरकार प्रति उत्तरदायी हुने अपेक्षा गरिन्छ। यद्यपि हाम्रो सामाजिक परम्परामा नागरिकहरू माग गर्ने र सरकारले दिने प्रवृत्ति हावी छ। वास्तविकतामा भने सरकार सञ्चालनका स्रोतहरूको सृजनामा नागरिकको प्रत्यक्ष वा अप्रत्यक्ष योगदान हुन्छ। नागरिकहरूको अर्थपूर्ण संलग्नता बिना सरकार जवाफदेही हुन सक्दैन। संघीय शासन प्रणाली कार्यान्वयनमा आएपछि करिब एक दशक वितिसकेको छ। यस अवधिमा स्थानीय तहको सञ्चालन र सेवा प्रवाहमा नागरिकको भूमिका झनै महत्वपूर्ण बन्दै गएको छ। तर प्रभावकारी नागरिक संलग्नताका लागि आवश्यक नीतिगत संरचना आशादित रुपमा प्रभावकारी बन्न सकेका छैनन्।

### *(१) नागरिक संलग्नतामा देखिएका समस्या र चुनौतीहरू*

वीरेन्द्रनगर नगरपालिकामा प्रारम्भिक छलफल र अध्ययनका आधारमा निम्न समस्याहरू देखिएका छन्:

(क) टोलमा पहिचान गरिएका योजना वडा वा पालिकामा प्राथमिकतामा नपर्ने र नयाँ योजना समावेश हुने जोखिम रहेको।

(ख) स्थानीय निकाय भएको अवधिमा प्रभावकारी योजना छनोट अहिलेको प्रणालीमा नागरिक संलग्नता कमजोर हुँदै गएको।

) गुनासो सुन्ने र समाधान गर्ने प्रभावकारी संरचना अभाव।

) योजना कार्यान्वयन र अनुगमनमा नागरिकको सहभागिताको वैधानिक संरचना नहुनु।

) सामाजिक समावेशीकरणभन्दा भौतिक पूर्वाधारमा जोड हुने गरेको।

) दलका प्रतिनिधिहरूको कुरा नागरिकको भन्दा प्राथमिकताका साथ सुनिनु।

*गरिक संलग्नताका अवसरहरू*

विधान र कानूनी व्यवस्थाले नागरिक संलग्नता सुनिश्चित गर्ने अवसरहरू प्रदान गरेका
जुन यसप्रकार रहेका छन्:

) संविधानको प्रस्तावना, मौलिक हक र निर्देशक सिद्धान्तहरू नागरिक संलग्नताको संवैधानिक आधार हुनु।

) सुशासन ऐन,२०६४ ले सार्वजनिक प्रशासनमा पारदर्शिता, जवाफदेहीता र सहभागिता सुनिश्चित गर्ने प्रावधान गरेको छ।

) स्थानीय सरकार सञ्चालन ऐनले योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा जनसहभागितालाई संस्थागत बनाएको छ।

) वास्तविक योजना प्राथमिकीकरण प्रणालीद्वारा नागरिक र सरकारबीच विश्वासको वातावरण सृजना गर्न सकिन्छ।

**रिक संलग्नता नीतिको आवश्यकता**

को संविधान र संघ, प्रदेश तथा स्थानीय सरकारका कानुनी प्रावधानले योजना तथा
क्रियामा नागरिक सहभागितालाई विकासको मूलभूत दृष्टिकोणको रूपमा स्वीकारेको
रेन्द्रनगर नगरपालिकामा योजना छनौटको प्रारम्भिक चरणमा नागरिक सहभागिता
पनि त्यसमा अन्य चरणहरूमा नागरिक संलग्नता अर्थपुर्ण हुन नसकेको देखिन्छ।
योजना र बजेट प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र परिणाम कमजोर हुन सक्छ।
, नागरिक सहभागितालाई थप सुदृढ पार्ने, सार्वजनिक वित्त व्यवस्थापनको बारेमा
हरुमा जानकारी गराउने एवं परामर्श र संलग्नताको अभ्यासलाई पूर्ण बनाउने नीति
यक छ। वीरेन्द्रनगर नगरपालिकाले नागरिक संलग्नताको नीतिहरू अपनाएर योजना,
र विकास कार्यहरूमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी सरकार र
कबीचको सम्बन्ध अझ प्रगाढ र विश्वासयुक्त बनाउन आवश्यक छ। यसले सार्वजनिक
वस्थापन प्रणालीलाई प्रभावकारी बनाउन तथा समावेशी विकासको आधार तयार गर्न
र्ण भूमिका खेल्नेछ।

वीरेन्द्रनगर नगरपालिकाले संविधान र संघ, प्रदेश र स्थानीय सरकारका कानुनी
नअनुसार नागरिक संलग्नताका विषयहरू पूर्ण रूपमा सम्बोधन भएका छन् कि छैनन्



भनी सुनिश्चित गर्न आवश्यक छ। वीरेन्द्रनगरका जटिल र संवेदनशील समस्यामा नागरिकहरूको बुझाई र उत्तरदायित्वमा वृद्धि गराउने उद्देश्यले जनप्रतिनिधि र कर्मचारीतन्त्रले स्थानीय नागरिकहरूको चाहना र प्राथमिकता स्पष्ट रूपमा बुझ्न सक्ने वातावरण सुनिश्चित गर्न जरुरी छ। यसबाट नगरपालिकाको कार्यसम्पादनमा नागरिक संलग्नता सुनिश्चित गरी सार्वजनिक निर्णयहरूको वैधानिकता वृद्धि गर्न सकिन्छ। त्यस्तै, प्रभावकारी सार्वजनिक सेवा सुनिश्चित गरी बजेट खर्चको प्रभावकारिता बढाउन र स्रोतको न्याय संगत वितरणमा जवाफदेहिता बढाउन यो नीति सहयोगी हुनेछ। अन्ततः यसले "जसको सवाल उसको नेतृत्व" को सिद्धान्तलाई स्थापित गर्दै नागरिकहरूलाई आफ्ना हक र दायित्वप्रति सशक्त बनाउनेछ।

**८. दुरदृष्टी**

वीरेन्द्रनगर नगरपालिकाको आवश्यकता, योजना र बजेट निर्माणमा समावेशी नागरिक संलग्नता

**९. लक्ष्य**

वीरेन्द्रनगर नगरपालिकाको योजना र बजेट प्रक्रियालाई सहभागितामुलक पारदर्शी, सुशासनमैत्री एवं समावेशी बनाउनु।

**१०. उद्देश्य**

(क) योजना र बजेट प्रक्रियाका सातै चरणमा नागरिक संलग्नता वृद्धी गर्नु

(ख) नागरिक र स्थानीय सरकारविचको वलियो अन्तरसम्बन्ध स्थापित गर्नु

(ग) सरकार र सरकारका सबै सरोकारवालाहरुसँगको समन्वय सहकार्य र अन्तरसम्बन्ध विकास गर्नु।

**११. नीती, रणनीति र कार्यनीति**

**(१) नगरपालिकामा योजना छनौट प्रक्रिया टोल तहसम्म पुग्ने गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।**

**रणनीतिः** टोल तहमा योजना संकलनका लागि संरचित प्रक्रिया स्थापना गर्ने।

**कार्यनीतिः**

(क) प्रत्येक टोलमा वार्षिक रूपमा योजना संकलन बैठक आयोजना गर्ने।

(ख) टोल विकास समितिको प्रमुखमार्फत योजना फाराम वितरण र संकलनको व्यवस्था गर्ने।

**(२) नगरपालिकाको योजना तथा बजेट प्रक्रियामा अपांग, बालबालिका, महिला, दलित तथा अल्पसंख्यक समुदायको सहभागिता सुनिश्चित गरिनेछ।**

**रणनीति:** समावेशी सहभागिता सुनिश्चित गर्न लक्षित समूह केन्द्रित पूर्व-परामर्श कार्यक्रम सञ्चालन गर्ने।

**कार्यनीति:**

(क) योजनाको हरेक चरण अघि लक्षित समूहसँग छुट्टै छलफल कार्यक्रम आयोजना गर्ने।

(ख) सहभागी सूचीमा लक्षित वर्गका न्यूनतम कोटा सुनिश्चित गर्ने व्यवस्था गर्ने।

**(३) योजनाहरु प्राथमिकीकरणका सबै चरणमा खुला र सहभागितामूलक छलफल गरिनेछ।**

**रणनीति:** प्राथमिकीकरणका छलफल सार्वजनिक स्थलमा आयोजना गर्ने र सबैलाई खुला गर्ने।

**कार्यनीति:**

(क) वडास्तरीय योजना छनोट मेला (Plan Prioritization Fairs) सञ्चालन गर्ने।

(ख) सहभागीहरूको राय र सुझाव रेकर्ड गर्न अभिलेख प्रणाली विकास गर्ने।

**(४) सबै वडा र टोलबाट आएका योजना पारदर्शी प्रक्रियाबाट संकलन गरी श्रोत सापेक्ष निर्णय गरिनेछ।**

**रणनीति:** योजना छनोटमा प्रयोग हुने मापदण्ड र निर्णय प्रक्रिया सार्वजनिक गर्ने।

**कार्यनीति:**

(क) बजेट पूर्व प्राथमिकीकरण मापदण्ड वडामा टाँस्ने र वेबसाइटमा प्रकाशन गर्ने।

(ख) छनौट योजनाको सूची सार्वजनिक सूचना बोर्ड र अनलाइनमार्फत सार्वजनिक गर्ने।

**(५) उपभोक्ता समितिको निर्माणमा लाभान्वित हुने व्यक्तिहरूको अनिवार्य सहभागिता गरिनेछ। साथै उपभोक्ता समितिमा प्रविधिको प्रयोग अभिवृद्धि गरिनेछ।**

**रणनीति:** उपभोक्ता समिति गठनमा खुला छलफल र सामुदायिक सहमति सुनिश्चित गर्ने।

**कार्यनीति:**

(क) समितिको गठनअघि सार्वजनिक सभा आयोजना गर्ने।



(ख) समितिमा लाभान्वित समुदायका प्रतिनिधिहरू अनिवार्य रूपमा राख्न कानुनी व्यवस्था गर्ने।

(ग) उपभोक्ता समितिको क्षमता विकासमा प्रविधीको प्रयोगलाई पनि समेट्ने।

**(६) सबै योजनामा सार्वजनिक परीक्षण अनिवार्य गरिनेछ।**

**रणनीति:** सार्वजनिक परीक्षणको समयतालिका र प्रक्रिया पूर्वनिर्धारित गर्ने।

**कार्यनीति:**

(क) योजनाको सम्पन्न भइसकेपछि तोकिएको समयमा सार्वजनिक परीक्षण गर्न टोल तहमा सूचना प्रवाह गर्ने।

(ख) सार्वजनिक परीक्षण रिपोर्ट तयार गरी पालिकामा पेश गर्ने अनिवार्य व्यवस्था गर्ने र वेभसाइटबाट सार्वजनिक गर्ने।

**(७) अनुगमन र मूल्यांकनमा जनप्रतिनिधि र नागरिक दुवैको सहभागीता हुने व्यवस्था गरिनेछ।**

**रणनीति:** अनुगमन टोलीमा नागरिक प्रतिनिधिलाई रूपमा समावेश गर्ने।

**कार्यनीति:**

(क) वडास्तरीय अनुगमन समितिमा नागरिक प्रतिनिधि छनौट गर्ने प्रक्रिया सञ्चालन गर्ने।

(ख) अनुगमन प्रतिवेदनको प्रतिलिपि अनुगमन गर्ने नागरिक प्रतिनिधिलाई उपलब्ध गराउने।

**(८) सामाजिक सञ्जाल, रेडियो, सार्वजनिक सूचना बोर्डजस्ता माध्यमबाट सूचना प्रवाहको व्यवस्था मिलाइनेछ।**

**रणनीति:** बहु-माध्यम सूचना प्रवाह रणनीति लागू गर्ने।

**कार्यनीति:**

(क) योजनासम्बन्धी सवै सूचनाहरू रेडियो र फेसबुक पेजमार्फत नियमित प्रसारण गर्ने।

(ख) सबै वडामा सूचना बोर्ड स्थापना गरी मासिक अद्यावधिक गर्ने।

**(९) लक्षित वर्गको बजेट विनियोजन घट्दै गएको अवस्थामा यसलाई वढाउनका लागि बजेटमै स्पष्ट प्रावधान समावेश गरिनेछ।**

**रणनीति:** लक्षित वर्गका लागि न्यूनतम बजेट कोटा निर्धारण गर्ने नीति बनाउने।

**कार्यनीति:**

(क) महिला, दलित, अपांग वर्गका लागि छुट्टै बजेट कोड तयार गर्ने।

(ख) बजेट प्रस्तुति पुस्तिकामा लक्षित वर्गको खर्च प्रतिशत अनिवार्यरूपमा देखाउने।

**(१०) नागरिक बजेटको अभ्यास प्रारम्भ गरिनेछ।**

**रणनीति:** नागरिकलाई बुझिने सरल भाषा र दृश्य सामग्रीमा बजेट तयार गर्ने।

**कार्यनीति:**

(क) वार्षिक बजेटलाई सरल रुपमा वुझ्नका लागि हरेक वर्ष नागरिक बजेट तयार गरी वेबसाइट, सामाजिक सन्जाल र टोल सभा मार्फत वितरण गर्ने।

(ख) विद्यालय र सामुदायिक समूहमार्फत नागरिक बजेट अध्ययन कार्यक्रम सञ्चालन गर्ने।

**(११) वडास्तरीय समिति र शाखास्तरीय निर्णय प्रक्रियामा नागरिक आवाज सुन्ने संयन्त्र विकास गरिनेछ।**

**रणनीति:** नागरिक सुझाव संकलनका लागि नियमित संवाद मञ्च स्थापना गर्ने।

**कार्यनीति:**

(क) वार्षिक "नागरिक सुनुवाइ" कार्यक्रम वडा कार्यालयमा सञ्चालन गर्ने।

(ख) गुनासो तथा सुझाव सङ्कलनका लागि हेल्प डेस्क वा अनलाइन पोर्टल विकास गर्ने।

**(१२) महिला कार्यपालिका सदस्य, जनप्रतिनिधि र कर्मचारीबीच समन्वयलाई संस्थागत गरिनेछ।**

**रणनीति:** महिलासहित कार्यपालिका सदस्य र कर्मचारीबीच नियमित समन्वय संयन्त्र निर्माण गर्ने।

**कार्यनीति:**

(क) प्रत्येक वर्षको "साझा समन्वय बैठक" सञ्चालन गर्ने, जसमा महिला कार्यपालिका सदस्य अनिवार्य सहभागी हुने।

(ख) निर्णय प्रक्रिया र कार्यान्वयनको प्रगति साझा गर्न आन्तरिक सम्पर्क बुलेटिन तयार गरी सबै सदस्यमा वितरण गर्ने।

**अपेक्षित उपलब्धि**

नीतिको प्रभावकारी कार्यान्वयनले स्थानीय सरकार सञ्चालनमा नागरिक संलग्नता खनीय रूपमा वृद्धि गराउनेछ। योजनाको तर्जुमा र बजेट निर्माण प्रक्रियामा नागरिक ागिता सुनिश्चित गरिएपछि सरकारप्रतिको नागरिक विश्वासमा वृद्धि हुनेछ। नागरिकहरूले



आफैं प्रस्तावित तथा कार्यान्वयन गरिएका विकास परियोजनामा अपनत्व महसुस गर्नेछन्, जसले दीगो, समावेशी र सहभागितामुलक विकासलाई प्रवर्द्धन गर्छ। साथै, सेवा प्रवाह थप प्रभावकारी, जवाफदेही र नागरिकमैत्री हुनेछ।

**१३. संस्थागत व्यवस्था**

नागरिक सहभागिता नीतिको कार्यान्वयन तथा निगरानीका लागि नगरप्रमुखको नेतृत्वमा नगर उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत सहितको संस्थागत संरचना तयार गरिनेछ। यसमा सुशासन प्रवर्द्धन गर्ने समिति तथा सम्बन्धित विषयगत शाखाहरूको सक्रिय भूमिका हुनेछ। गुनासो सुनुवाइ अधिकारीलाई थप सशक्त बनाइनेछ, जसले नागरिकका गुनासा छिटो र प्रभावकारी तरिकाले सम्बोधन गर्न मद्दत पुर्याउँछ। साथै, सूचना प्रवाह, अभिलेखन, सहभागिता र निगरानीमा प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ, जसले कार्यसम्पादनमा पारदर्शिता र सहजता ल्याउँछ।

**१४. वित्तीय व्यवस्था**

यस नीति कार्यान्वयनको लागि विस्तृत कार्ययोजना तयार भएपछि नीतिसँग सम्बन्धित क्रियाकलापहरु कार्यान्वयन गर्दा लाग्ने खर्चको अनुमान गरिनेछ। लागत विश्लेषणसँगै वित्तीय स्रोतको पहिचान र त्यसको उपलब्धता तथा व्यवहारिकताका आधारमा योजना तय गरिनेछ। स्रोत परिचालनका लागि विभिन्न वैकल्पिक श्रोतहरूको समेत अध्ययन र समन्वय गरिनेछ।

**१५. जोखिम र न्यूनीकरणका उपाय**

नीति कार्यान्वयन गर्दा केही जोखिमहरू देखिन्छन्। नीति लागू गर्दा नयाँ कार्यभार थपिने भएकाले त्यसलाई अतिरिक्त दायित्वको रूपमा बुझ्ने प्रवृत्तिले पनि अवरोध उत्पन्न गर्न सक्छ। यस्ता जोखिम न्यूनीकरण गर्न नियमित संवाद, क्षमता विकास कार्यक्रम र नीति कार्यान्वयनका सकारात्मक पक्षहरूमा जोड दिइनेछ।

**१६. कार्यान्वयन र अनुगमन**

(क) यस नीतिको कार्यान्वयनको लागि कार्ययोजना तयार गरिनेछ।

(ख) प्रत्येक वर्षको हिउँदे नगर सभामा नीतिको समीक्षा गरिनेछ।

(ग) गुनासो समाधान र सार्वजनिक सुनुवाइको अवस्था अनुगमन गरिनेछ।

(घ) नागरिक संलग्नताको अवस्था मापन गर्न संकेत तय गरिनेछ।

**१७. नीति पुनरावलोकन र परिमार्जन**

यो नीति लागू भइसकेपछि हरेक वर्षको हिंउदे अधिवेशनमा समिक्षा गरिनेछ भने तीन वर्षको अवधिमा प्राप्त अनुभव, सिकाइ र नागरिकको प्रतिक्रिया आधारमा नीति पुनरावलोकन गरिनेछ । कार्यान्वयनपछिको चौँथो वर्षभित्र सम्बन्धित सरोकारवालाको सहभागितामा मूल्याङ्कन गरी आवश्यक सुधार, अद्यावधिक तथा परिमार्जन गरिने व्यवस्था गरिएको छ । यसबाट नीति समयसापेक्ष, व्यवहारिक र समावेशी बन्नेछ ।

**१८. बाधा अडकाउ फुकाउ**

यस नीतिमा ब्यवस्था भएका कुराको हकमा प्रचलित कानूनसँग बाझिएको हदसम्म सोही बमोजिम हुनेछ ।

आज्ञाले,

**लक्ष्मी प्रसाद बास्कोटा**

प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिकाको नागरिक संलग्नता नीति, २०८२, मुल्य रू.१०।-